आज मिति २०८२ असार ९ गते सोमबारका दिन यस चौदण्डीगढी नगरपालिकाको नगर प्रमुख **श्री कालुमान लामा**को अध्यक्षतामा तपशील वमोजिमको वडा अध्यक्ष तथा कार्यपालिका सदस्यको उपस्थितिमा चालू आर्थिक वर्ष २०८१/०८२ को **तेरौँ** नगर कार्यपालिका बैठक बसी निम्नानुसारको निर्णय गरियो-

## उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | |
| २ | श्री मणिका देवी दुलाल | नगर उपप्रमुख | |
| ३ | श्री सिताराम राई | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री हरिबहादुर खड्का | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री पर्शुराम राई | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री लुङ्गाराज राई | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री तुलसीराम ढकाल | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री अम्बरबहादुर खड्का | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री केशव अधकारी | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री भगनाथकुमार मगर | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री प्रकाश राउत | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री धर्मेन्द कुमार खड्का | १० नं. वडा अध्यक्ष | |
| १३ | श्री उदयराज भुजेल | कार्यपालिका सदस्य | |
| १४ | श्री जयकुमार राई | कार्यपालिका सदस्य | |
| १५ | श्री माधव सार्की | कार्यपालिका सदस्य | |
| १६ | श्री तिलावती राई | कार्यपालिका सदस्य | |
| १७ | श्री सुस्मा राई | कार्यपालिका सदस्य | |
| १८ | श्री स्मृती तोलाङ्गी सुयल | कार्यपालिका सदस्य | |
| १९ | श्री जानकी देवी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री शान्तीदेवी चौधरी | कार्यपालिका सदस्य | |
| २२ | श्री काजीमान राई | सचिव | |

Sangam®

प्रस्तावहरु:

१) अघिल्ला कार्यपालिका बैठका निर्णयहरुको समिक्षा सम्बन्धमा ।

२) सामाजिक सुरक्षा भत्ता सम्बन्धमा ।

३) विपत पिडित (आगलागी, हावाहुरीले घरको जस्ता उडाएको) आर्थिक सहायता सम्बन्धमा ।

४) बाउन्ना खोला खैराहा आ. वि. पुर्व उत्तर बाँध निर्माण सम्बन्धमा ।

५) हिमाली साङ्गे छोईलिङ्ग गुम्बा चौ. न. पा. -७ ले बुद्द जयन्ती मनाएको सम्बन्धमा ।

६) चौ. न. पा. -५ निबासी बैजु मरिकको माग निबेदन सम्बन्धमा ।

७) सुर्य ज्योती महिला बहुउद्देशिय सहकारी संस्थाको लि. फर्निचर माग सम्बन्धमा ।

८) भुक्तानी सम्बन्धमा ।

९) खेलाडी सहभागिता खर्च सम्बन्धमा ।

१०) विपन्न नागरिकलाई जस्तापाता उपलब्ध गराउने सम्बन्धमा ।

११) पानी तान्ने मोटर खरिद भुक्तानी सम्बन्धमा ।

१२) चौ. न. पा. -८ सिमलटारको झोलुङ्गे पुल आसपास बाँध बाध्ने सम्बन्धमा ।

१३) कार्यविधीहरु स्वीकृत गर्ने सम्बन्धमा ।

१४) खोला खटिने नगर प्रहरीहरुलाई खाजा खर्च सम्बन्धमा ।

१५) आ. व. २०८२।०८३ को बजेट तथा कार्यक्रम स्वीकृती सम्बन्धमा ।

१६) विधेयकहरु स्वीकृत गर्ने सम्बन्धमा ।

१७) वडा नं. ९ को त्रियुगा नदिमा डुंगा सञ्चालन सम्बन्धमा ।

१८) त्रियुगा हरितगृह भजन व्यबस्थापन समितिको माग सम्बन्धमा।

१९) वडा नं. ५ को त्रियुगा नदिमा डुंगा सञ्चालन सम्बन्धमा ।

२०)पुस्तक खरिद तथा छपाई सम्बन्धमा ।

२१) वडा नं २ को पार्क DPR प्रतिबेदन तथा भुक्तानी सम्बन्धमा ।

२२) आन्तरिक आय संकलन हाटबजार ठेक्काको सूचना निकाल्ने सम्बन्धमा ।

२३) आन्तरिक आय संकलन सरसफाइ सेवा, कवाडी सामान निकासी, सक्सन गाडी सेवा शुल्क ठेक्काको सूचना निकाल्ने सम्बन्धमा ।

२४) आन्तरिक आय संकलन विज्ञापन कर ठेक्काको सूचना निकाल्ने सम्बन्धमा ।

२५) क्षमता विकास योजना तर्जुमा प्रतिबेदन तथा भूक्तानी सम्बन्धमा ।

२६) पर्यटन सम्बन्धी बृत्तचित्र तर्जुमा तथा भुक्तानी सम्बन्धमा ।

२७) चौ. न. पा. तहबृद्दी सिफारिस समिति गठन सम्बन्धमा ।

२८) भजन किर्तन समूहलाई सामाग्री उपलब्ध गराउने सम्बन्धमा ।

२९) सव बाहान चालक र सहयोगीलाई भत्ता उपलब्ध गराउने सम्बन्धमा ।

३०) संचार महशुल सम्बन्धमा ।

३१) मनमोहन स्मृती प्रतिष्ठान त्रि. न. पा. १२ को माग सम्बन्धमा ।

३२) गाडी भाडा भुक्तानी सम्बन्धमा।

३३) दमकलको लागि पानी तान्ने पोखरी र फोहोर व्यबस्थापन सम्बन्धमा ।

३४) ईन्धनको भुक्तानी सम्बन्धमा ।

३५) दमकल चालक र सहयोगीलाई भत्ता उपलब्ध गराउने सम्बन्धमा ।

३६) २०८१ को SEE मा उत्कृष्ट नम्बर ल्याउने विद्यार्थी तथा विद्यालयलाई पुरस्कार वितरण कार्यक्रम सम्बन्धमा ।

## निर्णयहरुः

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकाको नगर कार्यपालिकाको बारौँ कार्यपालिका बैठकबाट भएका निर्णयहरु प्राय सबै कार्यान्वियन रहेको पाईयो । कार्यान्वयनको क्रममा रहेका निर्णयहरुलाई प्रभावकारी ढङ्गबाट अपेक्षित उपलब्धि प्राप्त हुने गरी कार्यान्वियन गर्ने-गराउने सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा सामाजिक सुरक्षा भत्ता पाउनु पर्ने तपशिलका व्यक्तीहरुले समयमा आवश्यक कागजात पेश गर्न नसकेको कारण सामाजिक सुरक्षा भत्ता बापतको रकम विभागबाट निकासा नभएकोले छुट भएको रकम निकासा भुक्तानीको लागि सम्बन्धित विभाग/ कार्यालयमा सिफारिस साथ माग गर्ने निर्णय गरियो ।

### तपशीलः

| ...त्र सूजना ...गै मिति | संकेत नं | खर्च शीर्षक | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी बाँकी रकम | भुक्तानी बाँकी रहनुको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| ...०/०८१को ...ासिक | ७.१.१.१७ | अन्य जेष्ठ नागरिकभत्ता | सामाजिक सुरक्षा भत्ता | सामाजिक सुरक्षा भत्ता छुट भएको | जगत बहादुर खडका(२०१३०२०५०७५८९) | ४००० | बैंक खाता उपलब्धनभएको |
| ...१/०८१को ...सिक | ७.१.१.१७ | अन्य जेष्ठ नागरिकभत्ता | सामाजिक सुरक्षा भत्ता | सामाजिक सुरक्षा भत्ता छुट भएको | बसन्तीदेवी चौधरी (२०१३०२०५०८३१४) | ४००० | बैंक खाता उपलब्धनभएको |
| ...०४०८१को ...सिक | ७.१.१.१७ | अन्य जेष्ठ नागरिकभत्ता | सामाजिक सुरक्षा भत्ता | सामाजिक सुरक्षा भत्ता छुट भएको | लक्ष्मीगोधनिया (२०१३०१०६०३८३६) | ८००० | बैंक खाता उपलब्धनभएको |
| ...०/०८१को ...ासिक | ७.१.१.१७ | अन्य जेष्ठ नागरिकभत्ता | सामाजिक सुरक्षा भत्ता | सामाजिक सुरक्षा भत्ता छुट भएको | फेकुचन्द्र चौधरी (२०१३०२०१०५०७९) | ४००० | बैंक खाता उपलब्धनभएको |
| ...०'०८१को ...कक | ७.१.१.१७ | अन्य जेष्ठ नागरिकभत्ता | सामाजिक सुरक्षा भत्ता | सामाजिक सुरक्षा भत्ता छुट भएको | धर्मध्वज खत्री (२०१३०१०४०७७८२) | ८००० | बैंक खाता उपलब्धनभएको |
| ...०'०८१को ...कक | ७.१.१.१७ | अन्य जेष्ठ नागरिकभत्ता | सामाजिक सुरक्षा भत्ता | सामाजिक सुरक्षा भत्ता छुट भएको | तेज बहादु रबस्नेत (२०१३०२१६०२६७८) | ४००० | बैंक खाता उपलब्धनभएको |
| ...१/०८१को ...कक | ७.१.१.१७ | अन्य जेष्ठ नागरिकभत्ता | सामाजिक सुरक्षा भत्ता | सामाजिक सुरक्षा भत्ता छुट भएको | राम कुमारी अधिकारी (१९९७१२३०४७४०५) | १२००० | बैंक खाता उपलब्धनभएको |
| ...००८१को ...सिक | ७.१.१.१७ | अन्य जेष्ठ नागरिकभत्ता | सामाजिक सुरक्षा भत्ता | सामाजिक सुरक्षा भत्ताछुट भएको | सुर बहादुर कार्की (१९९६१२३०४६७५५) | १२००० | फर्वाड फिड निकाल्दा रकम नगएको |
| ...००८१को ...सिक | ७.१.१.१० | दलितबालबालिका | सामाजिक सुरक्षा भत्ता | सामाजिक सुरक्षा भत्ताछुट भएको | आरोहीअछामी (२०८००९२२०७११७) | १०६४ | बैंक खाता उपलब्धनभएको |
| ...१/०८१को ...सिक | ७.१.१.१० | दलितबालबालिका | सामाजिक सुरक्षा भत्ता | सामाजिक सुरक्षा भत्ताछुट भएको | आरजु परीयार (२०८१०१११०२८१९) | ५३२ | बैंक खाता उपलब्धनभएको |
| ...४/०८१को ...सिक | ७.१.१.२१ | जेष्ठनागरिक एकल | सामाजिक सुरक्षा भत्ता | सामाजिक सुरक्षा भत्ताछुट भएको | भुलीयादेवी चौधरी (२०२०१११०१८०२मृत्यु) | १२००० | बैंक खाता उपलब्धनभएको |
| ...३/०८१को ...सिक | ७.१.१.६ | विधवा | सामाजिक सुरक्षा भत्ता | सामाजिक सुरक्षा भत्ता छुट भएको | राधा राई (२०३६०१०४००१८४) | ७९८० | लक खुल्लैभएकोले |
| | | | जम्मा | | | ७७५७६ | |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाअन्तर्गतका विभिन्न वडामा विभिन्न मितिमा घरमा आगलागी भएको, हावाहुरीले घरको छाना उडाएको प्रहरी सर्जमिन मुचुल्का र सम्बन्धित वडा कार्यालयबाट समेत सिफारिस भई आएको । सो विषयमा यस नगरपालिकाको अनुगमन तथा छानबिन समितिले पेश गरेको प्रतिबेदन बमोजिम तपशील बमोजिमको रकम बिपद व्यवस्थापन शीर्षकमा विनियोजित बजेटबाट आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो-

पूर्णरुपमा टिनको छाना क्षती भएको सहयोग गर्नुपर्ने

| क्र.स. | निबेदकको नाम | ठेगाना | विपदको अवस्था | निर्णय रकम |
|---|---|---|---|---|
| १. | सोबित खत्री | चौ. न. पा. ९ | घर आगलागी | १०००००/- |
| २. | रिता खत्री | चौ. न. पा. ९ | घर आगलागी | १०००००/- |
| ३. | सिद्धेश्वरी मा.बि.हडीया | चौ. न. पा. ९ | हावाहुरीले छाना उडाएको | १००००/- |
| ४. | लौवागढी मा.बि. खैराझोरा | चौ. न. पा. १० | हावाहुरीले छाना उडाएको | १००००/- |
| ५. | श्याम कुमारी चौधरी | चौ. न. पा.९ | हावाहुरीले छाना उडाएको | १००००/- |
| ६. | भरत कुमार राउत | चौ. न. पा. १० | हावाहुरीले छाना उडाएको | १००००/- |
| ७. | गिता कार्की | चौ. न. पा. ६ | हावाहुरीले छाना उडाएको | १००००/- |
| ८. | नवरांज दुलाल | चौ. न. पा. १० | हावाहुरीले छाना उडाएको | १००००/- |
| ९. | नवराज वि.क. | चौ. न. पा. १० | हावाहुरीले छाना उडाएको | १००००/- |
| १०. | घुरण चौधरी | चौ. न. पा. १० | हावाहुरीले छाना उडाएको | १००००/- |
| ११. | रिचेस कुमार चैधरी | चौ. न. पा. १० | हावाहुरीले छाना उडाएको | १००००/- |
| १२. | सम्झना दनुवार | चौ. न. पा. १० | हावाहुरीले छाना उडाएको | १००००/- |
| १३. | कौशिला देबि चौधरी | चौ. न. पा. १० | हावाहुरीले छाना उडाएको | १००००/- |
| १४. | बिशेस्वर चौधरी | चौ. न. पा. १० | हावाहुरीले छाना उडाएको | १००००/- |
| १५. | जनता मा बि हडिया | चौ. न. पा. ९ | हावाहुरीले छाना उडाएको | १००००/- |
| १६. | बकेनिया मन्दिर हडिया | चौ. न. पा. १० | हावाहुरीले छाना उडाएको | १००००/- |
| १७. | लालवती चौधरी | चौ. न. पा. | हावाहुरीले छाना उडाएको | १००००/- |
| १८. | देवी कुमारी दनुवारनी | चौ. न. पा. १० | हावाहुरीले छाना उडाएको | १००००/- |
| १९. | किसुन देब चौधरी | चौ. न. पा. १० | हावाहुरीले छाना उडाएको | १००००/- |
| २०. | बुद्धिमान बिश्वकर्मा | चौ. न. पा. ९ | हावाहुरीले छाना उडाएको | १००००/- |
| २१. | गोमा कटुवाल राउत | चौ.न.पा. १० | हावाहुरीले छाना उडाएको | १००००/- |
| २२. | रामजानकी मन्दिर | चौ. न. पा. १० | हावाहुरीले छाना उडाएको | १००००/- |
| २२. | बिमला सदा | चौ. न. पा. १० | हावाहुरीले छाना उडाएको | १००००/- |
| २३. | रेवती सदा | चौ. न. पा. १० | हावाहुरीले छाना उडाएको | १००००/- |
| २४. | बकेनिया मन्दिर हडिया | चौ. न. पा. १० | हावाहुरीले छाना उडाएको | १००००/- |
| २५. | नेपाल आदिबासी आदिबासी जनजाती महासङ्घ | चौ. न. पा. १० | हावाहुरीले छाना उडाएको | १००००/- |
| २६. | ~~मोमा~~ कटुवाल कल्पना | चौ. न. पा. १ | गोठमा आगलागी | ३००००/- |
| २७. | ध्रुव खत्री | चौ. न. पा. १० | हावाहुरीले छाना उडाएको | १००००/- |

आंशिक रुपमा टिनको क्षती भएको सहयोग गर्नुपर्ने

| क्र.स. | निबेदकको नाम | ठेगाना | क्षेतिको बिबरण | निर्णय रकम |
|---|---|---|---|---|
| १. | सपना निरौला | चौ. न. पा. १० | हावाहुरीले छाना उडाएको | ५०००/- |
| २. | गोबिन्द बहादुर खडका | चौ. न. पा. १० | हावाहुरीले छाना उडाएको | ५०००/- |
| ३. | भिखन चौधरी | चौ. न. पा १० | हावाहुरीले छाना उडाएको | ५०००/- |
| ४. | परिसता राई | चौ. न. पा. ७ | हावाहुरीले छाना उडाएको | ५०००/- |
| ५. | कल्पना खत्री | चौ. न. पा. ७ | हावाहुरीले छाना उडाएको | ५०००/- |
| ६. | लिला कार्की | चौ. न. पा. ७ | हावाहुरीले छाना उडाएको | ५०००/- |
| ७. | स्वास्थ्य चौकी हडिया | चौ. न. पा. ९ | हावाहुरीले छाना उडाएको | ५०००/- |

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा चौदण्डीगढी नगरपालिका १० रुपनी अधेरी हुदै आउने खैरा बाउन्ना खोला आ.व. २०८१/०८२को साउन भदौमा आएको बाढी खोला खेतीयोग्य जमिन कटान गरेको, वालुवाले खेतीयोग्य जमिन पुरेको हुँदा उक्त खोलामा तत्काल बाँध नबाँधे आगामी सालमा उक्त खोलाले सयौ विगाहा खेतीयोग्य जग्गा कटान गर्ने, पुर्ने भएकोले उक्त खोलामा बाँध बाध्नको लागि योजना उपलब्ध गराउन माग भई आएकोले जाली भर्नको लागि ढुंगा भर्ने कार्य गर्ने गराउने र

उक्त कार्यको भुक्तानी प्राविधिक स्टिमेट तथा कार्य सम्पन्न मुल्याङ्कनअनुसार **विपद व्यवस्थापन** शीर्षकबाट **रु. १२०,०००/-** भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा २५६९ बुद्ध जयन्ती मिति २०८२।०१।२९ गते हिमाली साङ्गे छोईलिङ्ग गुम्बा चौदण्डीगढी नगरपालिका -७ मा मनाएको र उक्त कार्यक्रम गर्दा भएको खर्च भुक्तानीको लागि माग भई आएकोले बुद्ध जयन्ती कार्यक्रम गर्दा लागेको खर्च **हिमाली साङ्गे छोइलिङ गुम्बा, चौदण्डीगढी नगरपालिका -७** लाई **जातीय चाडपर्व धर्म संस्कृती संरक्षण कार्यक्रम** शीर्षकबाट **रु. ५२,०९०/-** उपलब्ध गराउने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा चौदण्डीगढी नगरपालिका वडा नम्बर ६ निबासी बैजु मरिकले छोरी हिमानी मरिक जन्मदै मुटुमा प्वाल भएको, फोक्सोमा पानी जमेको हुँदा औषधी उपचार गरिरहेको र थप उपचारको लागि आर्थिक सहायता पाउँ भनी कार्यालयमा निवेदन भन्ने माग निबेदन सम्बन्धमा यस नगरपालिका अन्तर्गत महिला बालबालिका शाखा र करुणा फाउन्डेशनको साझेदार कार्यक्रमअन्तर्गत **जन्मदोष पहिचान भएका नवजात शिशुको उपचार खर्च** बाट **रु. ३०,०००/-** उपलब्ध गराउने निर्णय सर्वसम्मत गरियो।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा चौदण्डीगढी नगरपालिका वडा नम्बर १ मा रहेको सूर्यज्योती महिला बहुउद्देशीय सहकारी संस्था लिमिटेडले कार्यालयको लागि यस नगरपालिकामा फर्निचर उपलब्ध गराउन माग गरेको हुँदा तपशीलका सामान कार्यालय सामाग्री फर्निचर तथा फिक्चर्स शीर्षकमा बिनियोजन भएको रकमबाट खरिद गरी उपलब्ध गराउने निर्णय गरियो-

**तपशील:**

स्टिल दराज - १ वटा
स्टिल टेवल - १ वटा
अफिस कुर्सी - २ वटा

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकाका नगर प्रमुख ज्यूको आतिथ्यमा कोशी प्रदेश माननीय मन्त्री ज्यूलगायत विशिष्ट व्यक्तित्वहरुलाई विभिन्न मितिमा होटल कोहबर एण्ड रिसोर्ट प्रा. ली. गाईघाटमा विभिन्न कार्यक्रम, भेटघाट गरी अतिथिहरुलाई खाजा, खाना खुवाएको हुँदा उक्त कार्यक्रमहरुमा आतिथ्य सत्कार गर्दा लागेको खर्च **रु. ११९,६७८।३०** नगरपालिकाबाट **विविध** शीर्षकमा बिनियोजित रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिकाभित्र रहेका विभिन्न क्लबहरुका र वडाका खेलाडीहरु अन्तरपालिकामा सहभागी हुन जाँदा भएको खर्च भुक्तानी हुन यस नगरपालिकामा माग भएको हुँदा तपशीलका क्लब, वडालाई निम्नानुसारको रकम उपलब्ध गराउने निर्नय गरियो-

| क्र. सं. | क्लब, वडाको नाम | बजेट | शीर्षक |
|---|---|---|---|
| १. | बेल्टार ब्याडमिन्टन क्लब, बेल्टार | ५०,०००/- | विविध |
| २. | बसाहा ब्याडमिन्टन क्लब | ४८,६००/- | विवध |
| ३. | वडा न. १ का भलिबल खेलाडीहरु | २००००/- | अन्तर जिल्ला तथा पालिकाम खेलाडी सहभागिता |

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिकाअन्तर्गत तपशीलका व्यक्तीहरुले विपन्न नागरिक भएको, हालसम्म पनि घर फुसको छाना भएको साथै चुहिने भएकोले मर्मत संभार गर्न जस्तापाता माग गरेको हुँदा **विपद व्यबस्थापन** शीर्षकबाट निजहरुलाई तपशिल बमोजिम जस्तापाता उपलब्ध गराउने निर्णय गरियो-

**तपशील:**

| क्र. स. | नाम | ठेगाना | जस्तापाता |
|---|---|---|---|
| १ | भक्तबहादुर नेपाली | चौदण्डीगढी नगरपालिका -२ | ३ बन्डल जस्तापाता |
| २ | बमबहादुर राउत | चौदण्डीगढी नगरपालिका १० | ३ बन्डल जस्तापाता |
| ३ | लच्छी माया सार्की | चौदण्डीगढी नगरपालिका ४ | ३ बन्डल जस्तापाता |
| ४ | जसबहादुर राई | चौ.न. पा.-७ | ३ बन्डल जस्तापाता |

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिकाअन्तर्गत विभिन्न वडाका संस्था/व्यक्तीहरुले खानेपानी ब्यबस्थापनको लागि पानी तान्ने मोटर माग गरेको र यस नगरपालिकाले खानेपानी ब्यबस्थापनको लागि पानी तान्ने मोटर तपशिल बमोजिम उपलब्ध गराएको हुँदा उक्त पानी तान्ने मोटर खरिद बापतको रकम नगपालिकाको कन्टेन्जेन्सि शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**मोटर उपलब्ध गराएको विवरण**

| क्र. सं | नाम ठेगाना | मोटरको विबरण |
|---|---|---|
| १. | रनबहादुर बि.क. | 1 HP |
| २. | इन्द्रबहादुर खड्का, वडा नम्बर -२ | 1 Inch |
| ३. | मिनबहादुर बिष्ट, वडा नम्बर -५ | 1.5 Inch |
| ४. | चारघरे कालीमाटी टोल, वडा नम्बर -२ | 1 HP |
| ५. | कुमार विश्वकर्मा, वडा नम्बर -७ | 1 HP |
| ६. | सत्यनारायण ठाकुर, वडा नम्बर -९ | 1.5 Inch |
| ७. | रञ्जित चौधरी, वडा नम्बर -९ | 2 HP |
| ८. | मानबहादुर बिष्ट, वडा नम्बर -१० | 1.5 HP |
| ९. | आशिष दुलाल | 1 HP |

१२. प्रस्ताव नम्बर नं. १२ माथि छलफल गर्दा चौदण्डीगढी नगरपालिका ८ सिमलटारमा रहेको झोलुङ्गे पुलको पूर्व पट्टी खोलाले कटान गरेको र उक्त खोलामा तत्काल बाँध नबाँधे आगामी सालमा उक्त खोलाले पुलमा क्षती पुर्याउने भएकोले उक्त खोलामा बाँध बाध्नको लागि योजना उपलब्ध गराउन माग भई आएकोले उक्त खोलामा बाँध बाध्नको लागि योजना उपलब्ध गराउने र उक्त कार्यको भुक्तानी प्राविधिक स्टिमेट तथा कार्य सम्पन्न मूल्याङ्कनअनुसार बिपद व्यवस्थापन शीर्षकबाट रु. १६५,०००/- बिनियोजन गर्ने निर्णय गरियो ।

१३. प्रस्ताव नम्बर १३ उपर छलफल गर्दा यस नगरपालिकाको विधेयक समितिमार्फत् तर्जुमा भएको तपशील वमोजिमको कार्यविधिहरु सर्बसम्मत रुपमा पारित गर्ने निर्णय गरियो-

**तपशील**

(क) चौदण्डीगढी नगरपालिकाको एम्बुलेन्स सञ्चालनसम्बन्धी कार्यविधी, २०८२
(ख) महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका (सेवा तथा सुविधा) सम्बन्धी कार्यविधि, २०८२
(ग) चौदण्डीगढी नगरपालिकाको *श्रम* डेक्स सञ्चालनसम्बन्धी कार्यविधि, २०८२
(घ) चौदण्डीगढी नगरपालिकाको रोजगार रणनीति, २०८२
(ङ) चौदण्डीगढी नगरपालिकाको सार्बजनिक सुनुवाइ कार्यविधि, २०८२

१४. प्रस्ताव नम्बर १४ उपर छलफल गर्दा यस नगरपालिकाभित्र रहेका खोलानालाबाट ढुङ्गागिट्टीको व्यवस्थित रुपमा सङ्कलन तथा निकाशी गर्नका लागि नगरपालिकाको कार्यालयमा कार्यरत तपशील वमोजिमका नगरप्रहरीहरुलाई खोला क्षेत्रमा खाटाइएको हुदा निजहरुलाई तपशीलका दरले नियमानुसार कर कट्टा गरी दैनिक खाजा खर्च दिने निर्णय गरियो-

**तपशील**

१. डम्बरबहादुर कटुवाल - ३०००/-
२. अर्जुन राई - २०००/-
३. शम्भुकुमार खड्का - ४०००/-
४. नारायण बि.क. - ५०००/-
५. सुमितकुमार राय - १३०००/-
६. निरञ्जन चौधरी - ९४००/-
७. मनुसिंह राई - २०००/-
८. चन्दन चौधरी - २२००/-
९. मणिराज तामाङ - १४००/-

१०. कपिल बिष्ट - ३४००/-
११. हरिबहादु खड्का - १०,०००/-

१५. प्रस्ताव नम्बर १५ उपर छलफल गर्दा आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले कायम गरेको बजेटको सीमाभित्र रही १० वटै वडा कार्यालय, विषयगत शाखा, विकास साझेदार सङ्घसंस्थाले पेश गरेको बजेटलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिले सघन रुपमा छलफल गरी सिफारिस गरेको बजेट तथा कार्यक्रमलाई आवश्यक छलफल गरी सभाको बैठकबाट पारित गर्नका लागि २०८२ असार ०९ गते बस्ने नगरसभाको दोस्रो बैठकमा पेश गर्ने निर्णय गरियो ।

१६. प्रस्ताव नम्बर १६ उपर छलफल गर्दा आगामी मिति २०८२ असार ९ गते सोमबार सञ्चालन हुने नगरपालिकाको अठारौँ नगरसभाको दोस्रो बैठकमा तपशील वमोजिमको विधेयक छलफल गरी पारित गर्नका लागि पेश गर्ने निर्णय गरियो-

**तपशील**

(क) चौदण्डीगढी नगरपालिकाको बिनियोजन विधेयक, २०८२
(ख) चौदण्डीगढी नगरपालिकाको अर्थ विधेयक, २०८२
(ग) चौदण्डीगढी नगरपालिकाको नगर योजना आयोग विधेयक, २०८२
(घ) चौदण्डीगढी नगरपालिकाको न्यायिक समितिको प्रतिवेदन, २०८२

१७. प्रस्ताव नम्बर १७ उपर छलफल गर्दा यस चौदण्डीगढी नगरपालिकाको वडा नं. ९ र १० का नागरिकहरु त्रियुगा नदि पारी रहेको हुँदा उक्त ठाउँका नागरिकहरुलाई नगरपालिकामा आवत जावत गर्न बर्षातको समयमा कठिनाइ हुने भएकाले सो समस्यालाई हल गर्नका लागि नगरपलिकाबाट डुङ्गा खरिद गरिएको ।

उक्त डुङ्गा सञ्चालन गर्न दक्ष जनशक्ति आवश्यक रहने तर नगरपालिकाको कार्यालयमा नाउँ सञ्चालन गर्ने दक्ष जनशक्ति नभएको हुँदा चौदण्डीगढी नगरपालिका वडा नं. ९ निवासी **श्री श्रीलाल पंजियार, कृष्णदेव चौधरी र राम नारायण चौधरीलाई प्रति व्यक्ति मासिक रु. २०,०००/-** भुक्तानी हुने गरी निशुल्क रुपमा मिति २०८२ असार १ गतेदेखि २०८२ भाद्र मसान्तसम्म सञ्चालन हुने गरी नगर प्रमुख ज्यूबाट टिप्पणी आदेश स्वीकृत भएको हुनले सो टिप्पणी आदेशलाई अनुमोदन गर्ने निर्णय गरियो ।

१८. प्रस्ताव नम्बर १८ उपर छलफल गर्दा श्री त्रियुगा हरितगृह भजन व्यवस्थापन समिति, चौदण्डीगढी नगरपालिका -५, सुन्दरपुरले कार्यालयमा पेश गरेको मा निवेदनका आधारमा भजन कृतन शीर्षकमा बिनियोजन भएको रकमबाट तपशील वमोजिमको सामाग्री खरिद गरी उपलब्ध गराउने निर्णय गरियो-

**तपशील**

(क) खाना राख्ने फ्रेमसहितको आरी - ५ सेट
(ख) बाल्टिन - ४ थान
(ग) जग - ४ थान
(घ) प्लेट - ८० थान

१९. प्रस्ताव नम्बर १९ उपर छलफल गर्दा यस चौदण्डीगढी नगरपालिकाको वडा नं. ५, ९ र १० का नागरिकहरु त्रियुगा नदि पारी रहेको हुँदा उक्त ठाउँका नागरिकहरुलाई बेली शिवाइ खण्डबाट नगरपालिकामा आवत जावत गर्न बर्षातको समयमा कठिनाइ हुने भएकाले सो समस्यालाई हल गर्नका लागि साविकबाट नै व्यक्तिगत रुपमा चलाइ रहेको डुङ्गालाई अपासी समझदारीमा नगरपलिकाले यस बर्खा भरीका लागि कूल **रु. ६०,०००/-** भाडा भुक्तानी गर्ने गरी भाडामा डुङ्गा लिने ।

उक्त डुङ्गा सञ्चालन गर्न दक्ष जनशक्ति आवश्यक रहने तर नगरपालिकाको कार्यालयमा नाउँ सञ्चालन गर्ने दक्ष जनशक्ति नभएको हुँदा चौदण्डीगढी नगरपालिका वडा नं. ५ निवासी श्री रोशीकुरमा चौधरी, सुर्खेरदाश चौधरी र सबुरलाल चौधरीलाई प्रति व्यक्ति मासिक **रु. २५,०००/-** ***(वडा नम्बर ९ को भन्दा ठूलो साइजको डुङ्गा भएकाले)*** भुक्तानी हुने गरी निशुल्क रुपमा मिति २०८२ असार १ गतेदेखि २०८२ भाद्र मसान्तसम्म सञ्चालन हुने गरी जिम्मेवारी दिने निर्णय गरियो ।

२०. प्रस्ताव नम्बर २० उपर छलफल गर्दा बराह साप्ताहिकले कार्यालयमा पेश गरेको निवेदन उपर छलफल गर्दा सो साप्ताहिकले पेश बील भरपाइका आधारमा रु. ५०००/- (पाँचहजार) र अरुण कुरमार राईले कार्यालयमा पेश गरेको निवेदनका आधारमा निजलाइ पुस्तक प्रकाशन गर्नका लागि विविध खर्च शीर्षकबाट रु. १०,०००/- रकम भुक्तानी दिने निर्णय गरियो ।

२१. प्रस्ताव नम्बर २१ उपर छलफल गर्दा चालू आर्थिक वर्ष २०८१/०८२ का लागि स्वीकृत भएको यस नगरपालिकाको वडा नम्बर २ मा **Detail Project Report of Fun Park in Vacant land between Jhorapatan and Aapdanda** कार्य गर्नका लागि **श्री क्रिएशन नेपाल इञ्जीनियरिङ सोलुशन्स प्रा.लि., काठमाडौँ**सँग सम्झौता गरी कायदिश दिइएको । सम्झौताअनुसार सो परामर्शदाता संस्थाले मस्यौदा प्रतिवेदन तयार गरी आजको कार्यपालिका बैठकमा छलफलका लागि पेश हुँदा केही सुझावहरु दिइएकाले सो सुझावहरुलाई समावेश गरी अन्तिम प्रतिवेदन कार्यालयमा पेश गरेपछि सम्झौताअनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

२२. प्रस्ताव न. २२ माथि छलफल गर्दा न.पा.को आगामी आ.व. २०८२/०८३ को लागि आन्तरिक आय सङ्कलनका लागि गत आ. व. २०८०/०८१ मा ठेक्का लगाइएको ठेक्का कबोल अङ्क (रकम) मा ५ प्रतिसतले बृद्दी गरि इच्छुक इजाजत पत्र प्राप्त व्यक्ति, फर्म वा संस्थालाई सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्ने गरि तपशील बमोजिमको निम्न ठेक्का ५/२०८१।०८२ (राजश्व) मा आन्तरिक हाटबजारको आन्तरिक आयसम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हान गर्ने निर्णय गरियो।

**तपशील:**

| क्र.सं. | आन्तरिक आय ठेक्का नं. | आय सङ्कलनको विवरण | न्यूनतम रकम (मू.अ. कर बाहेक) | धरौटी रकम | फारम खरिद दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ५/२०८१।०८२ | मवेशी पशुहटिया बेल्टार र विरेन्द्र बजारलगायत सबै हाटबजार (गाई, गोरु, बाच्छा-बाच्छी, राँगा-भैसी, पाडापाडी) | १४,०१,७००/- | ५ प्रतिशत | १०००।- | नगर क्षेत्रभित्र |
| २. | ६/२०८१।०८२ | बेल्टार र विरेन्द्र बजारलगायत सबै हाटबजार (बाख्राबाख्री, बोका-खसी, पाठा-पाठी, सुंगुर-बंगुर, भेडा-भेडी) | ६६७,५०७ | ५ प्रतिशत | १०००।- | |
| ३. | ७/२०८१।०८२ | कृषिजन्य वस्तु तथा जडीबुटी निकासी पैठारी (बीरेन्द्र बजार, बेल्टार बजार, शनिबारे, रानीटार, शिवाइ, हडियालागतयका हाटबजार) | ४५२,९५०/- | ५ प्रतिशत | १०००।- | |

२३. प्रस्ताव नम्बर २३ माथि छलफल गर्दा न.पा.को आगामी आ. व. २०८२/८३ को लागि आन्तरिक आय सङ्कलनका लागि गत आ. व. २०८०/०८१ मा ठेक्का नलागेको हकमा ठेक्का तोकिने गरि इच्छुक इजाजत पत्र प्राप्त व्यक्ति, फर्म वा सस्थालाई सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र)

दिनभित्र रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्ने गरि तपसिल बमोजिमको निम्न ठेक्का नम्बर ५/२०८१।०८२ (राजश्व) मा सरसफाई सेवा शुल्क, कवाडी समानको विक्री निकासी शुल्क, मृत छालाजन्य सामग्रीको विक्रि निकासी शुल्क, सक्सन गाडी सेवा शुल्क र पानी सेवा शुल्कको आन्तरिक आयसम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हान गर्ने निर्णय गरियो-

तपशील:

| क्र.सं. | आन्तरिक आय ठेक्का नं. | आय सङ्कलनको विवरण | न्यूनतम रकम रु. (मू.अ.कर) बाहेक | धरौटी रकम | फारम खरिद दस्तुर | कैफीयत |
|---|---|---|---|---|---|---|
| १. | ८/२०८१।०८२ (राजश्व) | सरसफाइ सेवा शुल्क | ३,००,०००।- | ५ प्रतिशत | १०००।- | नगर क्षेत्रभित्र |
| २. | ९/२०८१।०८२ (राजश्व) | कवाडी समानको विक्रि निकासी शुल्क | ३,००,०००।- | ५ प्रतिशत | १०००।- | |
| ३. | १०/२०८१।०८२ (राजश्व) | मृत छालाजन्य वस्तुको निकासी तथा पैठारी शुल्क (प्रचलित कानूनले दिएको क्षेत्र अधिकार भित्रको मृत पशु चौपाय मात्र) | १,५०,०००।- | ५ प्रतिशत | १०००।- | |
| ४. | ११/२०८१।०८२ (राजश्व) | सक्सन गाडी सेवा शुल्क | ५,००,०००।- | ५ प्रतिशत | १०००।- | |
| ५. | १२/२०८१।०८२ (राजश्व) | पानी सेवा शुल्क | १,५०,०००।- | ५ प्रतिशत | १०००।- | |

२४. प्रस्ताव नम्बर २४ माथि छलफल गर्दा नगरपालिकाको आगामी आ. व. २०८२/०८३ को लागि आन्तरिक आय सङ्कलनका लागि गत आ.व. २०८०/०८१मा ठेक्का नलागेको हकमा ठेक्का तोकिने गरि इच्छुक इजाजत पत्र प्राप्त व्यक्ति, फर्म वा सस्थालाई सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्ने गरि तपसिल बमोजिमको निम्न ठेक्का ५/२०८१।०८२ (राजश्व) मा आन्तरिक आयसम्बन्धी विज्ञापन करको शिलबन्दी दरभाउपत्र आव्हान गर्ने निर्णय गरियो।

**तपशील:**

**विज्ञापन करसम्बन्धी शिलबन्दी दरभाउपत्र नं. १३ २०८१।०८२ को आ.व. २०८२।०३ को लागि।**

| सिंन. | आय सङ्कलन विवरण | आ.व.२०८१/०८२ को स्वीकृत दररेट | न्यूनतम रकम (मू.अ.कर)बाहेक | कैफियत |
|---|---|---|---|---|
| १ | होडिंग बोर्ड | प्रति बर्ग फिट रु-/६०. | रु. १,५०,०००।- (एक लाख पचास हजार मात्र) | नगर क्षेत्रभित्र |
| २ | डीपिएस बोर्ड | प्रति वर्ग फिट रु-/५०. | | |
| ३. | ग्लो साइबोर्ड | प्रति वर्ग फिट रु-/६०. | | |
| ४. | भित्तेलेखन | प्रति वर्ग फिट रु-/२०. | धरौटी रकम कवोल अंकको ५ प्रतिशतले नघटी। | |
| ५. | तुलब्यानर | प्रति गोटा रु-/१००. | | |
| ६. | अन्य लेखनमा | प्रति वर्ग फिट रु-/२०. | | |

२५. प्रस्ताव नम्बर २५ उपर छलफल गर्दा चालू आर्थिक वर्ष २०८१/०८२ का लागि स्वीकृत भएको यस कार्यक्रमअनुसार यस नगरपालिकाको क्षमता विकास योजना तर्जुमा गर्नका लागि **श्री सार्प रिसर्च सेन्टर प्रा.लि., काठमाडौँ**सँग सम्झौता गरी कार्यदिश दिइएको । सम्झौताअनुसार सो परामर्शदाता संस्थाले मस्यौदा प्रतिवेदन तयार गरी आजको कार्यपालिका बैठकमा छलफलका लागि पेश हुँदा केही सुझावहरु दिइएकाले सो सुझावहरुलाई समावेश गरी अन्तिम प्रतिवेदन कार्यालयमा पेश गरेपछि सम्झौताअनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

२६. प्रस्ताव नम्बर २६ उपर छलफल गर्दा चालू आर्थिक वर्ष २०८१/०८२ का लागि स्वीकृत भएको यस कार्यक्रमअनुसार यस नगरपालिकाको पर्यटनसम्बन्धी बृत्तचित्र तर्जुमा गर्नका लागि **श्री एभरेष्ट**

**ग्यालरी प्रा.लि. अनामनगर, काठमाडौँ**सँग सम्झौता गरी कायदिश दिइएको । सम्झौताअनुसार सो परामर्शदाता संस्थाले कार्य सम्पन्न गरी पेश गरेको प्रतिवेदन आजको कार्यपालिका बैठकमा छलफल हुँदा सम्झौताअनुसारको कार्य सम्पन्न भएको पाइएकोले सम्झौताअनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

२७. प्रस्ताव नं. २७ उपर छलफल गर्दा कोशी प्रदेश सरकारबाट जारी स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को परिच्छेद ५ को दफा २७ को उपदफा ४ बमोजिम यस नगरपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्धि सिफारिसको लागि तपशील बमोजिमको सिफारिस समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपशीलः**

| | |
|---|---|
| काजीमान राई (प्रमुख प्रशासकीय अधिकृत) | - संयोजक |
| श्री महेश राना मगर | - सदस्य |
| श्री कपिला गिरी | - सदस्य सचिव |

२८. प्रस्ताव नं. २७ उपर छलफल गर्दा छलफल गर्दा श्री ओम भजन किर्तन मण्डली चौ. न. पा. -६ ले यस कार्यालयमा पेश गरेको निबेदनको आधारमा भजन कृतन समूहलाई सामाग्री वितरण सहायता शीर्षकमा विनियोजन भएको रकमबाट बाद्यबाजनका सामाग्रीहरु खरिद गर्नको लागि **रु. २००००/–** रकम उपलब्ध गराउने निर्णय गरियो ।

२९. प्रस्ताव नं. २९ उपर छलफल गर्दा यस नगरपालिकामा कार्यरत सवारी चालक तेज बहादुर खड्काले शव ढुवानी गरे बापतको भत्ता पाउँ भनी यस कार्यालयमा निबेदन पेश गरेकोमा यस नगरपालिकामा रहेको शव बाहनले नगरभित्रका मानिसहरु जुनसुकै जिल्लामा मरी यस नगरपालिकामा ल्याउनु परेमा, नगरभित्र वेवारिसे लासहरु भेटिएमा वा नगरभित्र आत्महत्या गरी पोष्टमार्टम गर्नुपर्ने लासहरु ल्याउने लाने काम गर्नुपर्ने भएको हुँदा उक्त काममा चालक र लामोदुरी परेमा सहयोगी समेत खटाउने गरेको साथै २४ सै घण्टा दिन रात जुनसुकै समयमा खटाउनु पर्ने भएकोले आ. ब. २०८१/ ०८२ मा ३० वटा लासहरु बाहिरी जिल्ला, चौ. न. पा. का विभिन्न वडाबाट पोष्टमार्टमका लागि लासहरु ल्याउने लाने गरेको हुँदा शवबाहन चालकलाई प्रति टिप ल्याउने लाने काम गरेबापत रु. १०००।– र सहयोगी खटिएको हकमा प्रति टिप ल्याउने लाने काम गरेबापत रु. ५००/- को दरले एकमुष्ठ अन्य भत्ता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

३०. प्रस्ताव नं. ३० उपर छलफल गर्दा यस नगरपालिका नगर प्रमुख र उप प्रमुख ज्यूको सचिबालयमा काम गर्ने तपशीलका कर्मचारीहरुले यस कार्यालयको कामको सिलसिलामा फोन गर्दा तथा इन्टरनेट डाटा चलाउँदा चालू आ. व. २०८१/०८२ मा तपशिलको संचार रकम खर्च भएको हुँदा उक्त रकम भुक्तानी हुन माग गरेकाले यस नगरपालिकामा विनियोजित बजेट शीर्षक संचार महशुल बाट तपशील बमोजिमको रकम भुक्तान गर्ने निर्णय गरियो-

**तपशीलः**

मिलन रिजाल रु. ५०००/–
निरज घिसिङ रु. १५००/-
अनुपराज खत्री रु. ३०००/-

३१. प्रस्ता नं. ३१ उपर छलफल गर्दा मनमोहन स्मृती प्रतिष्ठान त्रि. न. पा. १२ ले यस नगरपालिकामा २ सेट सोफा उपलब्ध गराउनका लगि पेश गरेको निबेदनका आधारमा उक्त प्रतिष्ठानलाई २ सेट सोफा गणतान्त्रिक शहिद स्मृती प्रतिष्ठान/बिपी स्मृती प्रतिष्ठान/पुष्पलाल स्मृती प्रतिष्ठानलाई फर्निचर सहयोग शीर्षकबाट भुक्तान गर्ने निर्णय गरियो ।

३२) प्रशताव नं. ३१ माथि छलफल गर्दा यस नगरपालिकाका विभिन्न संस्था/ संजाल/ व्यक्तीहरु जिल्ला, प्रदेश र काठमाण्डौमा हुने कार्यक्रममा सहाभागि हुन जानुभएको र सडकमा बस्ने व्यक्तीहरुलाई उद्दार कार्य गर्न राष्ट्रिय उद्दार यात्रामा यस नगरपालिकाबाट २ वटा बस उपलब्ध गराई सहयोग गरेको हुँदा तपशिल बमोजिमको कार्यक्रमामा भएको यातायात खर्च यस नगरपालिकामा विनियोजित बजेट शिर्षक **सवारी साधान भाडा** बाट भुक्तान गर्ने निर्णय गरियो।

तपशिल :

- मेची महाकाली राष्ट्रिय उद्दार कार्यक्रम रु. ५००००।-
- जातिय भेदभाव उन्मुलन कार्यक्रम गाईघाट रू. २४०००।–
- पशुपालन किसान संघको सम्मेलन, काठमाण्डौ रु. २५०००।–
- हेण्डबल खेलाडी सहभागी पोखरा रु. ५५०००।–
- उदयपुर पत्रकार महासंघ, विराटनगर रू.१५०००।-

३३) प्रशताव नं. ३२ माथि छलफल गर्दा फागुन चैत महिनामा खोला पोखरी सुख्खा भई यस नगरपालिकाको दमकलमा पानी भर्ने कार्यको लागि त्रियुगा नदीमा पोखरी बनाउने कार्य गरेको र २०८१ सालको बर्षा तथा जाडो समयमा यस नगरपालिका अन्तर्गत ६ नं. वडामा रहेको डम्पिङ साइटमा फोहोर फाल्न नदिएको कारण चौ. न. पा. ९ नं. वडा अन्तर्गत विभिन्न स्थानमा खाल्डो खनी फोहोर व्यबस्थापन गरेको हुँदा उक्त कार्य गरे बापतको रकम तपशिल बमोजिम यस नगरपालिकामा विनियोजित बजेट शिर्षक **मर्मत संभार** बाट भुक्तान गर्ने निर्णय गरियो।

तपशिलः

दमकलको लागि पानी तान्ने पोखरी खनेको चौ. न. पा. -९ रु. १२५००।–

फोहोर व्यबस्थापन चौ. न. पा. -९ रु. १५२५०।-

३४) प्रशताव नं. ३३ माथि छलफल गर्दा यस नगरपालिकाबाट चालु आ. व. चैत, बैसाक, जेष्ठ र असार महिनामा नगरका साना ठुला सवारी साधानहरु, सुरक्षा निकायका कार्यालयहरुलाई उपलब्ध गराएको इन्धन र नगरका अतिथीहरुलाई उपलब्ध गराएको इन्धनको भुक्तानी तपशिल बमोजिम रहेकोले उक्त रकम यस नगरपालिकामा विनियोजित बजेट शिर्षक **ईन्धन** बाट भुक्तान गर्ने निर्णय गरियो।

तपशिलः

| | |
|---|---|
| कार्यालयका अत्याबश्यक सवारी साधान र सुरक्षा निकायः रु. | ३८५४०३।४० |
| साना सवारी साधानः | ४१४०४८।३० |
| नगरपालिकाका अतिथी (डिजेल) | १०१३६५९।८० |
| नगरपालिकाका अतिथी (प्रेट्रोल) | ५९४३३१।५ |
| जम्माः | २४,०७,४४३।- |

३५) प्रशताव नं. ३५ माथि छलफल गर्दा यस नगरपालिकाको दमकलबाट आगलागी नियन्त्रण कार्यको लागि यस नगरपालिकाबाट चालु आ. ब. २०८१/०८२ मा विभिन्न वडामा खटीई आगलागी नियन्त्रणको कार्य भएको र उक्त दमकलमा खटिने चालक र फायरमेन र नगर प्रहरीले खाजा खानको लागि भत्ता उपलब्ध गराउन निबेदन पेश गरेकोमा खाजा खानको लागि प्रति टिप रु. २००।– का दरले प्रति व्यक्ती भत्ता उपलब्ध गराउने र उक्त रकमको भुक्तान **अन्य भत्ता** शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

३६. प्रस्ताव नम्बर ३६ उपर छलफल गर्दा चालू आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत शिक्षा शाखामार्फत् सञ्चालन हुने गरी उत्कृष्ट विद्यालयाक प्र.अ.हरुलाई पुरस्कार शीर्षकमा रु. १००,०००/- बजेट बिनियोजन भएको छ । सो बजेटबाट तपशील वमोजिमको कार्यक्रम सञ्चालन गर्नका लागि शिक्षा, युवा तथा खेलकुद शाखाबाट माग भइ आएको हुँदा तपशील वमोजिम कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो-

**तपशील**

(क) २०८१ को एस.इ.इ. परीक्षामा उत्कृष्ट अङ्क ल्याउने ४ जना विद्यार्थीलाई सम्मान तथा पुरस्कार बितरण गर्न - ३०,०००/-

(ख) उत्कृष्ट विद्यालयका प्र.अ.हरुलाई सम्मान तथा पुरस्कार बितरण - ५०,०००/-

(ग) उत्कृष्ट प्र.अ.हरुलाई फ्रेमसहितको सम्मान पत्र, दोसल्ला, खदा र चिया पानी - २०,०००/-

३७. विविध

क) यस नगरपालिकाको मिति २०८० मङ्सिर १४ गते बसेको कार्यपालिका बैठकको निर्णय नम्बर ४ अनुसार यस नगरपालिकाको वडा नम्बर ६ र ७ द्वारखोलाको आसपासमा लामो समयदेखि सार्वजनिक जग्गा व्यक्तिले हडपेर घर/टहरा तथा अन्य संरचना निर्माण गरी जग्गा अतिक्रमण गरेको हुनाले सो क्षेत्रमा सो संरचना हटाउने निर्णय गरिएको थियो ।

- कार्यका लागि प्रारम्भिक चरणमा कार्यालयबाट गठित प्राविधिक समितिले प्रतिवेदन कार्यालयमा पेश गरेको ।
- पेश भएको प्रतिवेदनका आधारमा अतिक्रमित जग्गा खाली गर्नका लागि मिति २०८०/०८/२१ गते सार्बजनिक सूचना जारी गरिएको ।
- सो क्षेत्रमा बसोबास गर्ने घर परिवार र चलअचल सम्पत्तीको बिबरण उल्लेख गरी पुन प्रतिवेदन कार्यालयमा पेश गरिएको ।
- कार्यपालिका सदस्य उदराज भुजेलको नेतृत्वमा जग्गाको सीमाङ्कन प्रतिवेदन कार्यालयमा पेश गरिएको ।
- मिति २०८१/०८/२६ गतेको कार्यपालिका बैठकको निर्णयानुसार अतिक्रमित जग्गा खाली गर्नका लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरिएको ।
- मिति २०८१/१०/१७ गते कार्यालयबाट पुन अतिक्रमित जग्गा खाली गर्नका लागि १५ दिनको सार्वजनिक सूचना जारी गरिएको ।
- २०८१/१०/२३ गते पुन सात दिनको समय थप गरी सूचना प्रकाशन गरिएको ।
- अतिक्रमित जग्गामा भएका संरचनाहरुलाई व्याक-हो-लोडर प्रयोग गरी हटाइएको विषयलाई विभिन्न राष्ट्रिय पत्रपत्रिकाले समाचार बनाइ प्रकाशन गरेको ।
- अतिक्रमित जग्गालाई खाली गर्नका लागि व्याक-हो-लोडर प्रयोग गर्दै गरेको फोटो तथा भिडियो समावेश भएको ।
- हाल सो क्षेत्रलाई नगरपालिकाले संरक्षण गरेर राखेको छ ।
- उक्त कार्य गर्नका लागि पूर्वाधार विकास शाखाबाट १२० घण्टा ब्याक-हो-लोडर प्रयोग गरेवापत स्वीकृत जिल्ला दररेटका आधारमा मू.अ. करसहित रु. २९९,९९८.७३ को लागत अनुमान तयार गरेको ।
- पूर्वाधार विकास शाखाबाट नै सो कार्य गर्नका लागि ११९ घण्टा ब्याक हो लोडर प्रयोग गरी सो संरचना हटाइएको प्रतिवेदन पेश भएको । साथै सो कार्य गर्नका लागि मू.अ. करसहित रु. २९७,४९८.७४ को मूल्याङ्कन प्रतिवेदन पेश गरेको ।
- व्याक-हो-लोडरको धनी डि.आर्.के. सप्लायर्सले मू.अ.करसहित रु. २९७,४९८.७४ को कर बिजकसहित भुक्तानीका लागि कार्यालयमा निवेदन पेश गरेको ।
- उपर्युक्तानुसार कागजातका आधारमा सो कार्य गरेवापत अतिक्रमित जग्गामा जे.सि.बि. प्रयोग शीर्षकमा बिनियोजित रकम रु. ३००,०००/- बाट ब्याक-हो-लोडर धनीलाई मू.अ.करसहित रु. २९७,४९८.७४ भुक्तानी दिने निर्णय गरियो ।

Sangam®

(ख) यस चौदण्डीगढी नगरपालिकामा कार्यरत सेवा स्वास्थ्य, समुह क.न., सि.अ.न.मी. निरिक्षक छैटौं श्री तारादेवी राई (क.सं.नं. २०९२५०) ले पटक पटक विदा स्वीकृत नगराइ कार्यालयमा अनुपस्थित रहने गरको, न्यूनतम पदीय आचरण समेत नदेखाएको तथा कार्यालयबाट तोकिएको जिम्मेवारीलाईसमेत बाराम्बार बेवास्ता गरेको हुँदा सेवा प्रवाह तथा समन्वय कार्यमा निरन्तर समस्या उत्पन्न गेराउदै आएकोले यस पालिकामा निजलाई राखिराख्न उपयुक्त नदेखिएको अवस्था रहेको छ । साथै यस कार्यालयमा सेवा स्वास्थ्य, समुह क.न., पद अ.न.मी. को स्वीकृत दरवन्दी संख्या कम रहेको र उक्त पदमा कार्यरत कर्मचारीहरुको संख्या बढी रहेको हुँदा निजको दरवन्दी अन्यत्र मिलान गरी नियमानुसार सरुवा गरिदिनुहुन अनुरोध गर्ने निर्णय पारित गरियो ।

(ग) यस नगरपालिकाको कार्यालयबाट चालू आर्थिक वर्ष २०८१/८२ का लागि ठेक्का बन्दोबस्त भएको नदी तथा खोलाको ढुंगा, गिट्टी र वालुवाबाट कर सङ्कलन गर्न दिएको अनुमति तथा सम्झौताअनुसार यस कार्यालयबाट गठित **नाप जाँच तथा अनुगमन समितिमार्फत्** ठेकेदार कम्पनीले **मिति २०८२ जेष्ठ ३१ गतेसम्म** तपशील वमोजिमको उत्खनन् तथा बिक्री निकाशी भएको प्रतिवेदन कार्यालयमा पेश गरेको-

## ग्राभेल/ढुङ्गा

१. प्याकेज नम्बर - **०२/०८१-०८२ (प्याकेज नम्बर)**
निर्माण व्यवसायी- **श्री मनन कन्स्ट्रक्सन प्रा.लि., ईटहरी, सुनसरी ।**

| क्र.स. | खोलाको नाम | ठेक्का बन्दोबस्त भएको घनमिटर | जम्मा घनमिटर | उत्खनन भएको घनमिटर | उत्खनन बाँकी परिमाण |
|---|---|---|---|---|---|
| १ | लामा खोला | १३,०००/- | **१८,५००/-** | १२,०००/- | १,०००/- |
| २ | करम्जे खोला | २,०००/- | | २,०००/- | ० |
| ३ | देवधार खोला | ३,५००/- | | २,९०२/- | ५९८/- |
| जम्मा | | | | **१६,९०२/-** | **१,५९८/-** |

२. प्याकेज नम्बर - **०३/०८१-०८२**
निर्माण व्यवसायी- **श्री सिताराम कन्स्ट्रक्सन, चौदण्डीगढी-६, उदयपुर ।**

| क्र.स. | खोलाको नाम | ठेक्का बन्दोबस्त भएको परिमाण | जम्मा परिमाण | उत्खनन भएको घनमिटर | उत्खनन बाँकी परिमाण |
|---|---|---|---|---|---|
| १ | द्वार खोला | ५,०००/- | **१०,०००/-** | ५,०००/- | ० |
| २ | द्वार खोला | ५,०००/- | | ५,०००/- | ० |
| जम्मा | | | | **१०,०००/-** | **०** |

३. प्याकेज नम्बर - ०४/०८१-०८२
निर्माण व्यवसायी- श्री सिताराम कन्स्ट्रक्सन, चौदण्डीगढी-६, उदयपुर ।

| क्र.स. | खोलाको नाम | ठेक्का बन्दोबस्त भएको परिमाण | जम्मा परिमाण | उत्खनन भएको घनमिटर | उत्खनन बाँकी परिमाण |
|---|---|---|---|---|---|
| १ | द्वार खोला | १२,०००/- | १९,०००/- | ११,८२६.१३/- | १७३.८७/- |
| २ | द्वार खोला | ७,०००/- | | ७,०००/- | ० |
| जम्मा | | | | १८,८२६.१३/- | १७३.८७/- |

## बालुवा

१. प्याकेज नम्बर - ०१/०८१-०८२ (सि.न. ७)
निर्माण व्यवसायी- श्री बि. एण्ड बि. निर्माण सेवा, चौदण्डीगढी-६, उदयपुर ।

| क्र.स. | खोलाको नाम | ठेक्का बन्दोबस्त भएको परिमाण | जम्मा परिमाण | उत्खनन भएको घनमिटर | उत्खनन बाँकी परिमाण |
|---|---|---|---|---|---|
| १ | घेर खोला | २,०००/- | २,०००/- | २,०००/- | ० |
| जम्मा | | | | २,०००/- | ० |

२. प्याकेज नम्बर - ०१/०८१-०८२ (सि.नं. ४)
निर्माण व्यवसायी- श्री शिवओम निर्माण सेवा, त्रियुगा-२, उदयपुर ।

| क्र.स. | खोलाको नाम | ठेक्का बन्दोबस्त भएको परिमाण | जम्मा परिमाण | उत्खनन भएको घनमिटर | उत्खनन बाँकी परिमाण |
|---|---|---|---|---|---|
| १ | हडिया/त्रियुगा खोला दोभान | ३,०००/- | ३,०००/- | ३,०००/- | ० |
| जम्मा | | | | ३,०००/- | ० |

३. प्याकेज नम्बर - ०१/०८१-०८२ (सि.नं. ५)
निर्माण व्यवसायी- श्री थानपोखरी निर्माण सेवा, चौदण्डीगढी-६, उदयपुर ।

| क्र.स. | खोलाको नाम | ठेक्का बन्दोबस्त भएको परिमाण | जम्मा परिमाण | उत्खनन भएको घनमिटर | उत्खनन बाँकी परिमाण |
|---|---|---|---|---|---|
| १ | हडिया/त्रियुगा खोला दोभान | ४,०००/- | ४,०००/- | ४,०००/- | ० |
| जम्मा | | | | ४,०००/- | ० |

पालिकास्तरीय नाप जाँच तथा अनुगन समितिमार्फत् पेश भएको उल्लिखित विवरणलाई अनुमोदन/स्वीकृत गरी कानुनले व्यवस्था गरे वमोजिमको समयमा चोरी निकाशीलाई कडाइका साथ नियन्त्रण गर्ने निर्णयसमेत गरियो ।